# लहान नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
(आन्तरिक राजश्व व्यवस्थापन उप-शाखा)
लहान (सिरहा)
प्रदेश नं. २, नेपाल

**लहान नगरपालिका क्षेत्र भित्रका निम्न नदि/खोलाहरुको ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल तथा माटो समेतको बिक्रीकर संकलन ठेक्का सम्बन्धी शिलबन्दी बोलपत्र आह्वान सूचना।**

(सूचना प्रकाशित मिति २०७६/०७/१५ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को घ (६) को व्यवस्था र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार यस कार्यालयको मिति २०७६/०७/१४ को निर्णय बामेजिम नदीहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन्/संकलन गरी यस नगरपालिकाले तोकेको दरमा बिक्री वितरण गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गरिन्छ।

तपसिल :-

| ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् स्थान | उठाउने पाउने परिमाण (घ.मी.) | आ.व. २०७६/०७७ को लागि न्यूनतम ठेक्का अंक रकम रु. (भ्याट समेत) | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| ०१/०७६/०७७ | नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदि) उत्खनन् संकलन तथा बिक्री वितरण | खुट्टी र बलान तथा यसमा जोडिएका अन्य खोलाहरु | ९५,५१३ घ.मी. (३३,६९,६९८.६४) घनफीट | १,००,००,०००।- (आयकर तथा दुर्गापूजा चन्दा वाहेक) | ३,०००।- |

शर्तहरु :-

०१. शिलवन्दी बोलपत्र खरिद गर्न ईच्छुक व्यक्तिले आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्म, संस्था वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७६/०७७ कालागि नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता/स्थायी लेखा नम्वर (पान) र आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (औं) दिन अर्थात् मिती २०७६/०७/२२ गतेसम्म कार्यालय समयभित्र तोकिएको बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप-शाखावाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

०२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ७ (औं) दिन अर्थात् २०७६/०७/२२ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० वजे पछि नगरकार्यपालिकाको कार्यालय, लहानमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ। उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको बोलपत्र खोलिने कार्यमा वाधा पर्नेछैन।

०३. बोलपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा

०४. बोलपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०५. शिलवन्दी बोलपत्र साथ आफूले कवोल गरेको रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लि.,लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३०००००००००३००००००२ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैकवाट जारी गरिएको वोलकवोल जमानी पत्र (कम्तीमा १२० दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी रकम बोलपत्र साथ नगद खामी आएमा यस कार्यालय जिम्मेवार हुनेछैन, साथै त्यस्तो बोलपत्रहरु अमान्य हुनेछ ।

०६. बोलपत्र स्वीकृत भएपछि ठेक्का अंकको अतिरिक्त न.पा.द्वारा संचालित दुर्गा पूजाचन्दाकोलागि १.५% र १.५% आयकर रकम ठेक्का अंकमा जोडी कायम भएको रकम (दुई किस्ता) मा बुझाउनु पर्नेछ ।

०७. कावु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक्का अंक मानिनेछ ।

०८. शिलवन्दी बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

०९. उत्खनन् संकलन तथा बिक्री वितरण गर्दा करदातालाई दिईने रसिद नगरकार्यपालिकाको कार्यालय,लहानले तोकी दिएको ढाँचामा ठेकेदारले आफ्नो तर्फबाट छपाई कार्यालय प्रमुख/शाखा प्रमुखबाट प्रमाणित गराई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्न पाईनेछ र दोहोरो कर लिन पाईने छैन । साथै प्रमाणित बिनाको रसिद प्रयोग गरेको पाईएमा नगरपालिकाद्वारा कानूनी कार्यवाही गरिनेछ ।

१०. दरवन्दी भन्दा वढी कर रकम उठाएमा वा नगरपालिकाको अहित हुने काम कार्यवाही गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१२. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. लहान नगरपालिका क्षेत्र भित्र पर्ने खुट्टी र बलान तथा यसमा जोडिएका अन्य खोलाहरु मध्ये वडा नं. १० गुदीगाउँ पुल देखि पश्चिम ५०० मीटर सम्म पूर्व, दक्षिण वडा नं. ०४ मा अवस्थित फोहर मैला व्यवस्थापन केन्द्र सम्म तथा बलान पुलको उत्तर र दक्षिण ५०० मीटर सम्म नदीयन्जय पदार्थ उत्खनन् संकलन तथा विक्री वितरण गर्न पाईनेछैन् ।

१४. उत्खनन् योग्य खोला/नदीको दुवै किनारावाट २५/२५ फीट सीमा छाडेर मात्र खोलातर्फको भागमा उत्खनन् गर्न पाईनेछ । किनारामा खाल्डो पर्ने र पार्ने गरी उत्खनन् गर्न पाईनेछैन ।

१५. नेपाल सरकारले चुरे क्षेत्र भनी राजपत्रमा प्रकाशन गरिएका क्षेत्रवाट उत्खनन् गर्न पाईनेछैन ।

१६. बोलपत्र सम्बन्धी केही थप कुरा वुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखी वुझन सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत